63

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. २८८/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ...............................................१ पुनरावेदक

**विरूद्ध**

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला बिकास समितिको कार्यालय, सर्लाही .......१ विपक्षी
सूचना अधिकारी, जिल्ला बिकास समितिको कार्यालय, सर्लाही .......................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराईं पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले जिल्ला बिकास समितिको कार्यालय, सर्लाही समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।१८ मा पुनरावेदन गरेकोमा उक्त पुनरावेदन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १०(१) बमोजिमको हदम्याद नाघी दर्ता भएको देखिएको हुँदा यसमा आदेश जारी गरिरहनु परेन । पुनरावेदन तामेलीमा राख्नू । यसको जानकारी पुनरावेदकलाई गराउनू ।

| यशोदा देवी तिम्सिना<br>(सूचना आयुक्त) | किरण कुमार पोखरेल<br>(सूचना आयुक्त) | कृष्णहरि बाँस्कोटा<br>(प्रमुख सूचना आयुक्त) |
|---|---|---|

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।